# फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फिदिम,पाँचथर
१ नं. प्रदेश, नेपाल

फोन नं.: ०२४-५२११०७ (प्रमुख)
०२४-५२११०८ (उपप्रमुख)


प.सं.: ०७६।०७७
च नः

मिति:२०७७।०४।२

**विषय: सम्पति विवरण सम्बन्धमा।**

**श्री जनप्रतिनिधि ज्यूहरु (सबै)**
**श्री कर्मचारीहरु (सबै) , फिदिम नगरपालिका।**

उपर्युक्त सम्बन्धमा जनप्रतिनिधिहरु तथा कर्मचारीहरु सबैले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आ- आफ्नो सम्पति विवरण बुझाउनुपर्ने कानूनी व्यवस्था भएकोले आ.व. २०७६।७७ को आफ्नो र परिवारको सम्पति विवरण तोकिएको फाराम बमोजिमको ढाँचामा देहायबमोजिम पेश गर्नुहुन अनुरोध छ।

१ . सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरुले फिदिम नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्ने।

२ . निजामति तर्फका सबै कर्मचारीहरुले सम्पति विवरण फिदिम नगरपालिकामार्फत राष्ट्रिय किताबखानामा ६० दिनभित्र बुझाईसक्नु पर्नेमा जारी लकडाउनले समयमा पुग्न बाधा पर्न सक्ने भएकोले श्रावण ३० गते भित्र फिदिम नगरकार्यपालिकाको प्रशासन शाखामा दर्ता गरिसक्नु पर्नेछ। श्रावण ३० गतेपछि दर्ता हुन आएका सम्पति विवरणलाई राष्ट्रिय किताबखानामा पठाउन नसकिने अवस्था रहने भएकोले यसबाट सृजित समस्याको जवाफदेहि कर्मचारी स्वंय हुनुपर्नेछ।

३ . कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम फिदिम नगरपालिकामा समायोजन भएका( कर्मचारी संकेत नभएका)अन्य सेवाका कर्मचारीहरु र अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको सम्पति विवरण आ.व. ०७६।७७ समाप्त भएको ६० दिन भित्र फिदिम नगरपालिकाको कार्यलयमा दर्ता गरी सक्नु पर्नेछ।

४ . सम्पति विवरण बुझाउँदा प्रयोग गरिने खामको बाहिर निम्न विवरण अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने र तोकिएमध्ये कुनै विवरण उल्लेख नभएको अवस्थामा सम्पति विवरण प्राप्त नभएसरह मानिनेछ।

| जनप्रतिनिधिहरुको हकमा | कर्मचारीहरुको हकमा |
|---|---|
| आ.व.२०७६।७७ को सम्पति विवरण | आ.व.२०७६।७७ को सम्पति विवरण |
| नामथर: | कर्मचारीको सम्पति विवरण: |
| पद: | नामथर: |
| सम्बन्धित कार्यालय/वडा: | पद दर्जा: |
| स्थायी ठेगाना : | सेवा समूह: |
| मोबाईल नं.: | श्रेणी तह: |
| इमेल ठेगाना : | कार्यरत कार्यालय: |
| | मोबाईल नं.: |
| | इमेल ठेगाना : |

५ . सम्पति विवरण दर्ता गरी सम्बन्धित कर्मचारी एवं जनप्रतिनिधिले अनिवार्य दर्ता नं. लिनुपर्नेछ।

६ . फिदिम नगरपालिकाको कार्यालयमा दर्ता भएका सम्पति विवरणका बन्दी खामहरु तोकिएको दर्ता म्यादको तिस दिनभित्र १ नं. प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा पेश हुनेछन्।

..............................
अम्बिका प्रसाद अधिकारी
(प्रमुख प्रशासकीय अधिकृत)

***सादर अवगतार्थ:***

१. श्रीमान नगर प्रमुख ज्यू, फि.न.पा.।
२. श्रीमान नगर उप-प्रमुख ज्यू, फि.न.पा.।